“हाम्रो कला हाम्रो संस्कृति, मध्यपुर थिमि हाम्रो सम्पत्ति”

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि, भक्तपुर
बागमती प्रदेश, नेपाल

२०७९

सुचनाको हक सम्बन्धी चौथो त्रैमासिक प्रतिबेदन
(२०७९ बैशाख १ देखी २०७९ साल असार मसान्त सम्म)
भक्तपुर

बागमति प्रदेश, नेपाल

“स्वस्थ्य र सफा शहर नगरवासीको रहर”

मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थिमि भक्तपुर , वागमती प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण (मिति २०७९।०१।०१ देखि मिति २०७९ असार मसान्त सम्मको विवरण)

(१) नगरपालिकाको स्वरुप र प्रकृतिः

मध्यपुर थिमि नगरपालिका वि.स. २०५३ साल चैत्र १४ गते स्थापना भई विभिन्न समयमा जारी भएका कानुन बमोजिम तोकिएका कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रवाह गर्दै आएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान २०७२ ,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा अवस्थित नगरपालिका हो ।

(२) नगरपालिकाको काम, कर्तव्य र अधिकारः

यस नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

(३) नगरपालिकामा रहने कर्मचारी विवरणः

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस नगरपालिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा समेत राखिएको छ ।

(४) नगरपालिकाबाट प्रदान गरिने सेवाः

नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न महाशाखाहरु, शाखाहरु, ९ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन । नगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, महाशाखा प्रमुख, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नगरपालिकाको www.madhyapurthimimun.gov.np वेबसाइट मा उल्लेख गरिएको छ ।

(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण मध्यपुर थिमि नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था नगरपलिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा समेत उल्लेख गरिएको छ ।

(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, बागमति प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

(८) गुनासो सुन्ने अधिकारी / निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको कानून तथा प्रशासन महाशाखा प्रमुख केशब सिलवाललाई गुनासो अधिकारी तोकेको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा (प्रचलित कानूनले ब्यबस्था गरे बमोजिम कार्यालय प्रमुख , नगर प्रमुख) ।

(९) सम्पादन गरेको कामको विवरणः

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : विजयराज सुबेदी
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : cao@madhyapurthimimun.gov.np
सम्पर्क नम्बर : ९८५१२७४१११
सूचना अधिकारीको नाम : केशब सिलवाल
पद : महाशाखा प्रमुख (कानून तथा प्रशासन महाशाखा)
सम्पर्क नम्बर : ९८५११२५०९९
इमेल ठेगाना : keshabsilwal@yahoo.com

(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

मध्यपुर थिमि नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नगरपालिकाको वेबसाइट मा www.madhyapurthimimun.gov.np राखिएको छ ।

१२ . आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु सवत् २०७९ बैशाख १ गते देखि २०७९ असार मसान्त सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यस प्रकार रहेको छ ।

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय व्ययको बिबरण

.. : २०७८/७९ अवधी : २०७९/०१/०१-२०७९/०३/३२

आय

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)	मौज्दात
य सरकार	४९,३६,२६,०००	९,६४,२५,१०५.९०	१९.५३	३९,७२,००,८९४.१०
११ समानिकरण दान	२२,७७,००,०००	५,६९,२५,०००	२५	१७,०७,७५,०००
१२ शसर्त अनुदान	२५,५३,७६,०००	४,१४,९७,१७६.९०	१६.२५	२१,३८,७८,८२३.१०
१३ शसर्त अनुदान गत	१,०५,५०,०००	(१९,९७,०७१)	-१८.९३	१,२५,४७,०७१
ा सरकार	६,७९,११,०००	१२,६३,४२२	१.८६	६,६६,४७,५७८
११ समानिकरण दान	२,०३,८७,०००	१,०१,९३,५००	५०	१,०१,९३,५००
१२ शसर्त अनुदान	२,५४,९०,०००	(४६,८९,८०६)	-१८.३९	३,०१,७९,८०६
१७ समपुरक अनुदान गत	२,२०,३४,०००	(४२,४०,२७२)	-१९.२३	२,६२,७४,२७२
स्व बाडफाड	४०,८१,५७,०००	१८,३६,४४,५६९.३०	४४.९९	२२,४५,१२,४३०.७०
१५ घरजग्गा रजिष्टेशन र	३०,००,००,०००	१३,७२,३६,८२८	४५.७५	१६,२७,६३,१७२
११ बाँडफाँड भई प्राप्त मूल्य अभिबृद्धि कर	३,९७,७२,०००	२,५९,२४,८५६.३३	६५.१८	१,३८,४७,१४३.६७
२१ बाँडफाँड भ०ई न हुने अन्त:शुल्क	३,९७,७२,०००	९७,०४,१५२.७४	२४.४	३,००,६७,८४७.२६
५६ बाँडफाँटबाट प्राप्त सवारी साधन कर	२,७४,४८,०००	९८,६१,४४५.०३	३५.९३	१,७५,८६,५५४.९७
७१ बाँडफाँडबाट प्राप्त मनोरञ्जन कर	२५,०००	६,२२,८४९	२४९१.३	(५,९७,८४९)
७२ बाँडफाँडबाट न हुने विज्ञापन कर	११,००,०००	२,९४,४३८.२०	२६.७७	८,०५,५६१.८०

व्यय

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)	मौज्दात
चालु	५४,८२,८८,०००	१२,४२,९४,७११.८०	२२.६७	४२,३९,९३,२८८.२०
२११११ पारिश्रमिक कर्मचारी	२२,३१,७५,७३०	५,१९,४६,१५७.८७	२३.२८	१७,१२,२९,५७२.१३
२११२१ पोशाक	२७,५०,०००	१०,०००	०.३६	२७,४०,०००
२११२२ खाद्यान्न	२,००,०००	०	०	२,००,०००
२११२३ औषधीउपचार खर्च	२,००,०००	०	०	२,००,०००
२११३२ महंगी भत्ता	२७,८४,०००	६,५०,०००	२३.३५	२१,३४,०००
२११३४ कर्मचारीको बैठक भत्ता	८,३०,०००	५१,३००	६.१८	७,७८,७००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१,००,०००	०	०	१,००,०००
२११३९ अन्य भत्ता	६७,९९,०००	१५,२९,३००	२२.४९	५२,६९,७००
२११४१ पदाधिकारी बैठक भत्ता	१०,००,०००	५,६६,०००	५६.६	४,३४,०००
२११४२ पदाधिकारीअन्य सुबिधा	६९,००,०००	१२,९६,६३२.३३	१८.७९	५६,०३,३६७.६७
२११४९ पदाधिकारी अन्य भत्ता	१२,६६,०००	२,३४,४४०	१८.५२	१०,३१,५६०
२१२१४ कर्मचारी कल्याण कोष	६५,००,०००	६५,००,०००	१००	०
२२१११ पानी तथा बिजुली	१७,२०,०००	२,२९,८५८	१३.३६	१४,९०,१४२
२२११२ संचार महसुल	२३,५१,०००	७,७४,१६९	३२.९३	१५,७६,८३१
२२२११ इन्धन (पदाधिकारी)	५,००,०००	२,११,४५५	४२.२९	२,८८,५४५
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१७,००,०००	३,७५,६४२	२२.१	१३,२४,३५८
२२२१३ सवारी साधन मर्मत खर्च	२०,००,०००	४,०२,०४३	२०.१	१५,९७,९५७
२२२१४ बिमा तथा नवीकरण खर्च	७,००,०००	३,५००	०.५	६,९६,५००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	६,९६,०००	७०,८००	१०.१७	६,२५,२००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	३,०५,००,०००	३५,८४,१८५	११.७५	२,६९,१५,८१५
२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	१,००,०००	०	०	१,००,०००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	५५,६०,०००	६,९९,७३७	१२.५९	४८,६०,२६३

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय व्ययको बिबरण

.व. : २०७८/७९ अवधी : २०७९/०१/०१-२०७९/०३/३२

आय

५३ बाँडफाँड भई त वन रोयल्टी	२०,०००	०	०	२०,०००
५४ बाँडफाँड भई त खानी तथा खनिज न्धी रोयल्टी	१०,०००	०	०	१०,०००
५७ बाँडफाँड भई दहत्तर बहत्तरको बाट प्राप्त हुने आय	१०,०००	०	०	१०,०००
रिक श्रोत	८३,७१,८०,०००	८,९६,०८,६८३.५८	१०.७	७४,७५,७१,३१६.४२
३ एकीकृत सम्पती	६,००,००,०००	१,८७,०३,६८४.९०	३१.१७	४,१२,९६,३१५.१०
४ भुमिकर/मालपोत	१८,००,०००	३,७७,१७२	२०.९५	१४,२२,८२८
१ घरवहाल कर	६,००,००,०००	३,०१,३१,८२२.७५	५०.२२	२,९८,६८,१७७.२५
२ वहाल विटौरी कर	५०,०००	०	०	५०,०००
१ सवारी साधन कर सवारी)	२५,०००	०	०	२५,०००
१ अन्य कर	३५,००,०००	१,७२,२३४	४.९२	३३,२७,७६६
१ अन्य संस्थागत रिक अनुदान	७,५०,००,०००	०	०	७,५०,००,०००
१ सरकारी ीको वहालबाट प्राप्त	२५,०००	२,०००	८	२३,०००
३ अन्य बिक्रीबाट रकम	१०,००,०००	९४,८१६	९.४८	९,०५,१८४
२ अन्य सेवा शुल्क बिक्री	२०,००,०००	३८,१४,०८१.३२	१९०.७	(१८,१४,०८१.३२)
२ न्यायिक दस्तूर	५,०००	०	०	५,०००
शिक्षा क्षेत्रको ी	१०,०००	०	०	१०,०००
परीक्षा शुल्क	१०,०००	०	०	१०,०००

व्यय

२२३१२ पशुपंक्षीहरूको आहार	२,००,०००	१,००,०००	५०	१,००,०००
२२३१३ पुस्तक तथा सामग्री खर्च	३,००,०००	४५,६४४	१५.२१	२,५४,३५६
२२३१४ इन्धन - अन्य प्रयोजन	५०,०००	०	०	५०,०००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२१,५०,०००	१,५००	०.०७	२१,४८,५००
२२३१९ अन्य कार्यालय संचालन खर्च	९,००,०००	१,७३,६२७	१९.२९	७,२६,३७३
२२४११ सेवा र परामर्श खर्च	३६,७०,०००	७,४७,०३०	२०.३६	२९,२२,९७०
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	४४,००,०००	४,९६,५२२	११.२८	३९,०३,४७८
२२४१३ करार सेवा शुल्क	२,३८,७०,०००	२६,१३,८१४	१०.९५	२,१२,५६,१८६
२२४१४ सरसफाईसेवा शुल्क	६१,८०,०००	१,४२,८७५	२.३१	६०,३७,१२५
२२४१९ अन्य सेवा शुल्क	१३,००,०००	१,७५,०००	१३.४६	११,२५,०००
२२५११ कर्मचारी तालिम खर्च	३१,५०,०००	३०,०००	०.९५	३१,२०,०००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	१,४२,६७,०००	४३,५२,६१९	३०.५१	९९,१४,३८१
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	६१,०४,०००	१४,५०,७८०	२३.७७	४६,५३,२२०
२२५२२ कार्यक्रम खर्च	११,०७,८८,७७०	३,५६,१५,८४८.६०	३२.१५	७,५१,७२,९२१.४०
२२५२९ विविध कार्यक्रम खर्च	५,२०,०००	०	०	५,२०,०००
२२६११ अनुगमन, मूल्यांकन खर्च	८,४२,०००	९९,८७५	११.८६	७,४२,१२५
२२६१२ भ्रमण खर्च	३५,००,०००	३,४३,७४०	९.८२	३१,५६,२६०
२२६१९ अन्य भ्रमण खर्च	१०,००,०००	३,५९,५००	३५.९५	६,४०,५००
२२७११ विविध खर्च	५६,८७,०००	२१,५१,८६३	३७.८४	३५,३५,१३७
२२७२१ सभा सञ्चालन खर्च	२०,००,०००	९,२०,१३१	४६.०१	१०,७९,८६९
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	१०,००,०००	(६,०००)	-०.६	१०,०६,०००
२६४२२ सरकारी निकाय, समिति, बोर्ड – पुजिगत सःशर्त अनुदान	३०,००,०००	०	०	३०,००,०००
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	१,८३,००,०००	०	०	१,८३,००,०००

मध्यपुर थिमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर
कार्यालयको कोड : ८०३३३४०३३००

आय व्ययको बिबरण

.व. : २०७८/७९ अवधी : २०७९/०१/०१-२०७९/०३/३२

आय

२२९ अन्य प्रशासनिक ा शुल्क	१,००,०००	०	०	१,००,०००
२४१ पार्किङ्ग शुल्क	५०,०००	०	०	५०,०००
२४२ नक्सापास दस्तुर	१०,००,००,०००	१,४१,५४,९०७.०४	१४.१५	८,५८,४५,०९२.९६
२४३ सिफारिश दस्तुर	३,००,००,०००	२७,३५,४२७.८६	९.११	२,७२,६४,५७२.१४
२४४ व्यक्तिगत घटना दस्तुर	२,००,०००	२,५१,६००	१२५.८	(५१,६००)
२४५ नाता प्रमाणित र	२,००,०००	३,२१,९५०	१६०.९७	(१,२१,९५०)
४९ अन्य दस्तुर	२०,००,०००	१५,७४,०२३.२०	७८.७	४,२५,९७६.८०
५३ व्यावसाय ष्ट्रेशन दस्तुर	५२,००,०००	३,३८,९००	६.५२	४८,६१,१००
५४ रेडियो/ एम.सञ्चालन दस्तुर	५,०००	०	०	५,०००
६५ अन्य क्षेत्रको आय	५०,००,०००	१४६.५१	०	४९,९९,८५३.४९
२२ प्रशासनिक दण्ड, ाना र जफत	२,००,००,०००	१७,३२,७५०	८.६६	१,८२,६७,२५०
११ व्यवसाय कर	२,००,००,०००	४३,११,१३३	२१.५६	१,५६,८८,८६७
३१ बेरूजू	१०,००,०००	१,०८,९२,०३५	१०८९.२	(९८,९२,०३५)
२२ बैंक मौज्दात	४५,००,००,०००	०	०	४५,००,००,०००
ीय तह	१,००,००,०००	०	०	१,००,००,०००
४ विषेश अनुदान	१,००,००,०००	०	०	१,००,००,०००
हभागिता	३५,००,०००	१,१५,६९६	३.३१	३३,८४,३०४
१ अन्य संस्थागत रिक अनुदान	२५,००,०००	०	०	२५,००,०००
२ अन्य व्यक्तिगत रिक अनुदान	१०,००,०००	१,१५,६९६	११.५७	८,८४,३०४
जम्मा	१,८२,०३,७४,०००	३७,१०,५७,४७६.७८	२०.३८	१,४४,९३,१६,५२३.२२

व्यय

२७२१३ औषधीखरिद खर्च	२,९७,४२,०००	३३,५८,९६९	११.२९	२,६३,८३,०३१
२८१४२ घरभाडा	५५,३५,५००	१९,५२,२५५	३५.२७	३५,८३,२४५
२८२१९ अन्य फिर्ता	१५,००,०००	३३,९००	२.२५	१४,६६,१००
२८९११ भैपरी आउने चालु खर्च	०	०	०	०
पूंजीगत	१,२६,९५,८६,०००	२६,४२,६४,९१९	२०.८२	१,००,५३,२१,०८१
३११११ आवासीय भवन निर्माण/खरिद	११,४६,४९,०००	१,३६,९९,४९९	११.९५	१०,०९,४९,५०१
३११११२ गैर आवासीय भवन निर्माण/खरिद	८,४८,८७,०००	१,०१,००,१५६	११.९	७,४७,८६,८४४
३११११४ जग्गा विकास कार्य	१,२०,००,०००	१२,६८,०००	१०.५७	१,०७,३२,०००
३११२२ मेशिनरी तथा औजार	२०,८५,५०,०००	१,०४,६७,२६८	५.०१	१९,८०,८२,७३२
३११२३ फर्निचर तथा फिक्चर्स	४७,००,०००	९,४८,९२४	२०.१९	३७,५१,०७६
३११३५ पूँजीगत परामर्श खर्च	३०,००,०००	१,७२,२७५	५.७४	२८,२७,७२५
३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च	५,००,०००	०	०	५,००,०००
३११५१ सडक तथा पूल निर्माण	२७,०७,१९,०००	५,१८,९२,२५४	१९.१७	२१,८८,२६,७४६
३११५३ विद्युत संरचना निर्माण	८९,००,०००	२५,३७,६२२	२८.५१	६३,६२,३७८
३११५६ खानेपानी संरचना निर्माण	५,२२,००,०००	१,९६,७६,५९६	३७.६९	३,२५,२३,४०४
३११५७ वन तथा वातावरण संरक्षण	१३,००,०००	२,८३,३८८	२१.८	१०,१६,६१२
३११५७ सरसफाई संरचना निर्माण	३,१४,००,०००	५४,३१,५३९	१७.३	२,५९,६८,४६१
३११५९ अन्य सार्वजनिक निर्माण	४७,१७,८१,०००	१४,७७,८७,३९८	३१.३३	३२,३९,९३,६०२
३१४११ जग्गाप्राप्ति खर्च	५०,००,०००	०	०	५०,००,०००
वित्तीय	२५,००,०००	०	०	२५,००,०००
३२१५१ संस्थानमा शेयर लगानी	२५,००,०००	०	०	२५,००,०००
जम्मा	१,८२,०३,७४,०००	३८,८५,५९,६३०.८०	२१.३४	१,४३,१८,१४,३६९.२०

(१३) तोकिए बमोजिमको अन्य विवरणः

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस नगरपालिकाको वेबसाइट www.madhyapurthimimun.gov.np मा राखिएको छ ।

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी मध्यपुर थिमि नगरपालिकाको आफ्नै वेबसाईमा www.madhyapurthimimun.gov.np रहेकोछ ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

नेपाल सरकार, प्रदेश सरकार बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी भए गरेमा सो को विस्तृत विवरण यस नगरपालिकाको वेबसाईट www.madhyapurthimimun.gov.np मा राखिनेको छ ।

(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी :

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको तर त्यस्ता सूचनाहरु नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७८।१०।१ देखि मिति २०७८।१२।३० गतेसम्ममा ६ जनाले निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ । उक्त विवरण नगरपालिकाको www.madhyapurthimimun.gov.np वेवसाइडमा समेत राखिएको छ ।

मिति २०७९ बेशाख १ गते देखि मिति २०७९ असार मसान्त सम्मको सूचना माग विवरण

सि.नं	सूचना माग गर्ने व्यक्ति	सूचनाको विषय	कैफियत
१	शारदा भुसाल	मृतक बिबरण	उपलब्ध गराईएको
२	यम प्रसाद आर्चाय	सामुदायिक बिद्यालय समेतको बिबरण	उपलब्ध गराईएको
३	नेपाल कानून समाज	नव निर्बाचित पदाधिकारीको बिबरण	उपलब्ध गराईएको

२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण नगरपालिका वेबसाइट राख्ने गरिएको छ । भक्तपुर एफ.एमबाट नगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।